PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रिय कार्यालय, कमलपोखरी, काठमाडौं, नेपाल
को

# सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२८)**

मिति २०८१/०७/२७ गते (तदनुसार १२ नोभम्बर, २०२४) मा बसेको सञ्चालक समितिको ५१५ औं बैठकको निर्णयानुसार यस बैंकको १७ औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिकोलागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समयः**

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०८१/०८/१९ गते, बुधबार (तदनुसार ०४ डिसेम्बर, २०२४) । |
| स्थान | : | आर्मी अफिसर्स क्लव, भद्रकाली, काठमाडौं । |
| सभा शुरु हुने समय | : | विहान ११:०० बजेदेखि । |

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने ।

(*बर्तमान लेखापरीक्षक श्री रन्जिव एण्ड एसोसियट्स, चाटर्ड एकाउन्टेन्टस् पून: नियुक्त हुन पनि योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट ५% (पाँच प्रतिशत) (कर सहित) का दरले हुने रु. ९७,०१,२८,७८६/- (अक्षेरेपि सन्तानब्बे करोड एकलाख अठ्ठाइस हजार सातसय छयासी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालकको भत्ता तथा सुविधामा थप तथा हेरफेर र सो बमोजिम बैंकको नियमावलीमा सामयिक संशोधन ।

२. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्ने सन्दर्भमा आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्वन गरी एक आपसमा मर्ज (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्नकालागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियार प्रदान गर्ने ।

३. नियमावलीमा भएको संशोधनमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध।**

**आज्ञाले,**
कम्पनी सचिव

**साधारणसभा सम्वन्धी सामान्य जानकारीहरु :**

१. यस साधारणसभा प्रयोजनका लागि मिति २०८१/०८/०९ गतेका दिन एक दिन बैंकको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०८/०८ गतेसम्म कारोबार भई ७ दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार, हिमालयन क्यापिटल लि. काठमाडौंमा प्राप्त शेयर नामसारी, दाखिल खारेजीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र नगद लाभांश लिन सक्नु हुनेछ ।

२. वार्षिक साधारणसभामा भौतिक रुपमा भाग लिंदा शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई सभास्थलमा आउनुहुन अनुरोध छ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले मतदान गर्न पाउने अधिकतम हद वा सीमासम्म त्यस्तो शेयरधनीको हकमा रहेको बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंककै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी बैंकको केन्द्रीय कार्यालय, कमलपोखरीमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ ।

४. "मैले यसअघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस्" भनि छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरु (प्रोक्सी) बदर भई सोही पत्रसाथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी)लाई मात्र मान्यता दिइनेछ । एकै शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई कुनै किसिमबाट विभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको सक्कल दस्तखत भएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ । नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनु हुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधि फेर बदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै सोको सूचना बैंकको रजिष्टर्ड कार्यालय, कमलपोखरी, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर, सम्बन्धित शेयरधनी स्वयम् सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारणसभामा छलफल गर्नु पर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु हुन अनुरोध छ ।

८. शेयरधनी महानुभावहरुको सुरक्षा सुनिश्चित गर्न सुरक्षा जाँच हुने व्यवस्था मिलाइएको हुँदा सुरक्षाकर्मीले आगन्तुक सबैको सुरक्षा जाँच गर्न सक्नेछ । शेयरधनी महानुभावहरुले पनि, अति आवश्यक नभए, छाता, झोला, प्याकेट जस्ता सुरक्षा जाँचमा जटिलता ल्याउने सामाग्री नलिई आउनु हुन र सुरक्षाकर्मीको जाँचमा सहयोग गर्नु हुन अनुरोध छ ।